# जिल्ला प्रशासन कार्यालय तेह्रथुमको

## वार्षिक बुलेटिन

## २०७६



## आ.व. २०७५/०७६

**नेपाल सरकार गृह मन्त्रालय**

**जिल्ला प्रशासन कार्यालय तेह्रथुम**

*daoterathum.moha.gov.np*

जिल्ला प्रशासन कार्यालय तेह्रथुमबाट वार्षिक रूपमा प्रकाशित

# प्रशासन बुलेटिन २०७६

ADMINISTRATION BULLETIN 2076

वर्ष १ २०७५ (श्रावण १ देखि २०७६ असार मसान्तसम्म) अंक १



जिल्ला प्रशासन कार्यालय निर्माणाधिन भवन



**लक्ष्मी देवी होमागाई (खतिवडा)**

**प्रमुख जिल्ला अधिकारी**

स्थानीय प्रशासन ऐन २०२८ को परिच्छेद ३ को दफा ५ (१) मा जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्नको लागि प्रत्येक जिल्लामा एक जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरेको छ । सो कार्यालयको प्रमुखको रूपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था छ ।

प्रमुख जिल्ला अधिकारीले प्रचलित कानून र नेपाल सरकारको नीति, निर्देशन र रेखदेखमा रही नेपाल सरकारको प्रतिनिधिको रूपमा काम गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ ।

प्रमुख जिल्ला अधिकारीले जिल्लामा शान्ति सुरक्षा कायम राख्ने, सार्वजनिक सम्पत्तिको रेखदेख र संरक्षण गर्ने, हिंसात्मक वा हुलदंगा नियन्त्रण गर्ने, नागरिकता वितरण गर्ने, राहदानी सिफारिश गर्ने, विपद् व्यवस्थापन गर्ने, सुशासन कायम गर्ने, उपभोक्ताको हित हुने काम गर्ने, अर्ध न्यायिक निकायको हैसियतमा तोकिएको बमोजिमका फौजदारी मुद्दाको कारवाही किनारा गर्ने, ज्येष्ठ नागरिक, बालबालिका तथा असहाय/अशक्त नागरिकको संरक्षण गर्ने साथै विकास निर्माणका कार्यमा समन्वय र सहजीकरण गर्ने गरेको छ ।

यस कार्यालयको आर्थिक वर्ष २०७५/७६ मा सम्पादित मुख्य कार्यहरूका सम्बन्धमा सरोकारवालालाई सुसूचित वा जानकारी गराई प्राप्त पृष्ठपोषणका आधारमा थप जनमैत्री सार्वजनिक प्रशासन सञ्चालनका लागि तथा गृह सचिवज्यू र यस जिल्लाका प्र.जि.अ. बीच मिति २०७५।१०।२९ गते भएको कार्यसम्पादन सम्झौताको बुँदा २ को ४ (ख) को व्यवस्था बमोजिम कार्यालयको सबै गतिविधि समेटेर अर्धवार्षिक र वार्षिक इ-बुलेटिन प्रकाशन गर्ने भन्ने क्रियाकलाप रहेकोले सो को सम्पादनका लागि समेत यो बुलेटिन प्रकाशन गरिएको छ । यस पटकको यो प्रयास पहिलो भएको तथा कार्यालयमा कार्यरत जनशक्ति स्वीकृत दरबन्दीको आधा मात्र रहेकोले कार्यसम्पादनमा कठिनाई आएता पनि कार्यालयले गरेका महत्वपूर्ण कार्य यसमा समावेश गरिएको छ । वर्तमान अवस्थामा स्थानीय सरकारबाट जनताको घर दैलोमा सेवा प्रवाह भइरहेता पनि जिल्लाको शान्ति सुरक्षा कायम गर्न समन्वय, सहजीकरण तथा सुरक्षा निकायको परिचालनमा प्र.जि.अ.को भूमिका महत्वपूर्ण रहेको छ । मिति २०७५ श्रावण २१ देखि प्रमुख जिल्ला अधिकारीको रूपमा यस जिल्लामा जिम्मेवारी निर्वाह गर्दा यस आर्थिक वर्ष भित्र समन्वय तथा सहयोग गर्नुहुने स.प्र.जि.अ र कर्मचारी मित्रहरु, स्थानीय तहका पदाधिकारीहरु, कार्यालय प्रमुखहरु, संघसंस्था प्रमुखहरु, सञ्चारकर्मी तथा स्थानीयवासी समेत सबैमा धन्यवाद दिँदै आवश्यक पृष्ठपोषणका लागि सम्बद्ध सबै पक्षमा हार्दिक अनुरोध गर्दछु ।


सल्लाहकार

लक्ष्मी देवी होमागाई (खतिवडा)

प्रमुख जिल्ला अधिकारी

सम्पादक समुह

स.प्र.जि.अ. भक्त बहादुर खड्का

खरिदार राम प्रसाद भट्टराई

स.ले.पा. रमेश कार्की

खरिदार हेमराज राई

कम्प्यूटर

क.अ. गोविन्द लिम्बु

स.क.अ. कामेश्वर कुमार यादव


## तेह्रथुम जिल्लाको नक्सा

(स्थानिय तह अनुसार)



## भौगोलिक अवस्थिति -

प्रदेश नं. १ का चौध जिल्लाहरुमध्येको सानो जिल्लाको रुपमा रहेको तेह्रथुम जिल्लाको पूर्वमा ताप्लेजुङ्ग र पाँचथर, पश्चिममा धनकुटा र संखुवासभा, उत्तरमा ताप्लेजुङ्ग र संखुवासभा तथा दक्षिणमा धनकुटा र पाँचथर जिल्ला रहेका छन् । कुल क्षेत्रफल ६७९ वर्गकिलोमिटर रहेको यो जिल्ला पूर्वी देशान्तर ८७°१५ ' देखि ८७°४५' सम्म र उत्तरी आक्षाश २६°६६-२७°३०' सम्म रहेको छ । जिल्लाको उचाई समुद्र सतहबाट ३४५ फिटदेखि २९६२ फिट सम्म रहेको छ । सदरमुकाम म्यालुङ्ग १६६५ मिटर उचाईमा रहेको छ । मूख्यत: लिम्बु (३५%),क्षेत्री (१९%),ब्राम्हण (१६%), अन्य जातजाती (३०%) बसोबास रहेको यस जिल्लामा नेपाली भाषी ५२.९%,लिम्बु भाषी ३२.७७% र अन्य १४.३३% भाषाभाषीको बसोबास रहेको छ ।

पृथ्वीनारायण शाहबाट नेपाल एकीकरण हुनु अगाडी यस जिल्लाको भुभाग पल्लो किरॉत राज्य अन्तर्गत पर्दथ्यो । पृथ्वीनारायण शाहको एकीकरण अभियान अन्तर्गत खम्बुवान क्षेत्रको विजय पश्चात वि.स. १८३१ मा गोर्खाली सेनाको तर्फबाट रामकृष्ण कुवंर र लिम्बुहरुले चैनपुरमा उनीहरु नेपाल सरकार अन्तर्गत रहने र गोर्खालीले लिम्बुहरुको रितितिथी तथा अन्य सामाजिक व्यवस्थामा खलल नगर्ने गरी मेलमिलाप गरेका थिए । पृथ्वीनारायण शाहबाट यहाँका सुब्बाहरुलाई पञ्चखत बाहेक अन्य मुद्दा हेर्ने र "ढिङ्गे मुङ्गे" गरि जरीवाना समेत गर्न पाउने अधिकार दिइ लालमोहर दिइएको थियो । लिम्बुवान राज्य भित्र थुम रहेका र यी सबै पल्लो किरॉत अन्तर्गत रहेका थिए । थुमको तिरो भरो धनकुटा गौंडामा बुझाउने व्यवस्था भएको थियो । वि.स. १९५२ सालमा आएर सत्र थुम मध्येका मिल्लुङ पहाड, झलहरु, वेलहरा र पाँचथर थुमको तिरो भरो धनकुटामा बुझाउने र अन्य तेह्र थुमको तिरो उठाउने गरी माल अड्डाको स्थापना यसै जिल्लामा भएकोले यस जिल्ला लाई तेह्रथुम भनिएको हो । तेह्रवटा थुमहरु आठराई, फेदाप, याङ्गरुप, पाँचथर, ताप्लेजुङ, मेवाखोला, मैयाखोला, तमोरखोला, पाँचखपन, दशमझिया, चैनपुर, सभा-उत्तर र संखुवा उत्तर पर्दछन् ।

जनसंख्या:

वि.स.२०६८ को जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या १,०१,४७६ (एक लाख एक हजार चार सय छयहत्तर) जना रहेका छन् जस मध्ये महिला ४७,१५१ जना र पुरुष ५४,३२५ जना रहेका छन् । वि.स. २०५८ को जनगणना अनुसार यस जिल्लामा १,१३,१११ (एक लाख तेह्र हजार एकसय एघार) जना रहेको देखिन्छ । केही स्थानहरुमा खानेपानी तथा सिँचाईको चरम अभाव भएर त्यस स्थानका वासिन्दा बसाई-सराई अन्यन्त्र गएकाले वि.स. २०५८ को जनसंख्या भन्दा २०६८ को जनसंख्या कम भएको देखिन्छ ।

राजनीतिक विभाजन:-

प्रतिनिधी सभा सदस्य संख्या १ तथा प्रदेश सभा सदस्य २ रहेको यस जिल्लामा २ नगरपालिका र ४ गाउँपालिका रहेका छन् ।
यस जिल्लामा रहेको स्थानीय तहको जनसंख्या तथा पालिका प्रमुखहरुको विवरण यस प्रकार रहेको छ ।

| गा.पा./न.पा. | जनसंख्या | गा.पा./न.पा. वडा सख्या | प्रमुख/अध्यक्षको नाम | गा.पा./न.पा.केन्द्र रहेको स्थान |
|---|---|---|---|---|
| लालीगुरास न.पा. | १७००० | ९ | श्री अर्जुन मावोहाङ | बसन्तपुर |
| म्याङ्लुङ न.पा. | २०३३७ | १० | श्री सञ्जय कुमार तुम्वाहाम्फे | म्याङ्लुङ |
| आठराई गा.पा. | २१६४६ | ७ | श्री मान ब.लिम्बु | सक्रान्तिबजार |
| छथर गा.पा. | १६७१५ | ६ | श्री सन्तविर लिम्बु | शुक्रबारे |
| मेन्छयायेम गा.पा. | ८०७८ | ६ | श्री यादब ब.खापुङ | मोराहाङ |
| फेदाप गा.पा. | १७७०० | ५ | श्री हरि प्र.चोङवाङ | औंसिडाँडा |
| जम्मा | १,०१,४७६ | ४३ | | |

## जिल्ला प्रसाशन कार्यालय, तेह्रथुम

जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । स्थानीय प्रशासन ऐन २०२८ ले जिल्लाको शान्ति र व्यवस्थालाई प्रभावकारी रुपमा सञ्चालन गर्न तथा जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने र सो कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरेको छ । प्रचलित कानून नीति निर्देशनमा रहि जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्ने, जिल्ला स्तरीय कार्यालयहरुको अनुगमन गर्ने, नागरिकता तथा राहदानी वितरण गर्ने, स्थानीय प्रशासन सम्बन्धी कार्य गर्ने, विपद् व्यवस्थापन गर्ने, सुशासन

कायम गर्ने, अर्धन्यायिक निकायको रुपमा तोकिएका फौजदारी मुद्दाहरुको हकमा सुरु कारवाही र किनारा गर्ने साथै विकासात्मक कार्यहरुमा समन्वय र सहजीकरण गर्ने जिल्ला प्रशासन कार्यालय तेह्रथुमका मुख्य मुख्य कार्यहरु हुन् ।

## कार्यालयका मुख्य कार्य तथा प्रयासहरु

क. जिल्ला प्रशासन कार्यालय, तेह्रथुमबाट प्रवाह गरिने सेवा / कार्यहरु

१. शान्ति सुरक्षा तथा सुव्यवस्था सम्बन्धी कार्य
- शान्ति सुरक्षा कायम गर्ने,
- सामाजिक अपराध न्यूनिकरणका लागि समुदायस्तरसम्म सचेतीकरण गर्ने,
- सुरक्षा निकायहरुको परिचालन गर्ने,
- शान्ति सुरक्षा कायम गर्न स्थानीय तह, नागरिक समाज तथा सरोकारवालाहरुसँग सहकार्य गर्ने,

२. स्थानीय प्रशासन सम्बन्धी कार्य
- संघ संस्था दर्ता, नविकरण, विधान संसोधन, शाखा खोल्ने अनुमति तथा नियमन गर्ने,
- हातहतियार इजाजत, नामसारी, नविकरण नियमन गर्ने,
- विष्फोटक पदार्थ प्रयोगको इजाजत, नविकरण गर्ने,
- सार्वजनिक सम्पत्तीको अभिलेख संरक्षण तथा व्यवस्थापन गर्ने,
- नाम, थर वा उमेर आदि सिफारिस / प्रमाणित गर्ने,
- नावालकको उमेर प्रमाणित गर्ने,
- पेन्सनरहरुको पारिवारिक विवरण, पेन्सन र रहलपहल सम्बन्धी सिफारिस गर्ने तथा नाता प्रमाणित गर्ने,
- दलित, आदिवासी/जनजाति सिफारिस/प्रमाणित गर्ने
- पत्रपत्रिका दर्ता गर्ने,
- छापाखाना दर्ता गर्ने,

३. राहदानी सम्बन्धी कार्य
- राहदानी फाराम संकलन गर्ने,
- द्रुत राहदानी सेवा प्रदान गर्ने,
- राहदानी वितरण गर्ने

४. नागरिकता सम्बन्धी कार्य
- ,
- अर्धन्यायिक वंशजको आधारमा नागरिकताको प्रमाण-पत्र वितरण गर्ने,
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण-पत्र वितरण गर्ने,
- नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि वितरण गर्ने,

५. नाम थर जन्म मिति संशोधन गर्ने कार्य
- फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६९ ले दिएको अधिकार वमोजिम मुलुकी अपराध (संहिता) ऐन, २०७४ अन्तर्गतका नेपाल सरकारले तोकिदिए वमोजिम मिति २०७५।०५।०४ को राजपत्रमा प्रकाशित भए वमोजिमका मुद्दाहरुको सुरु कारबाही तथा किनारा गर्ने

६. बजार अनुगमन/उपभोक्ता हित सम्बन्धी कार्य
- दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपूर्ति, पहुँच तथा गुणस्तर सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन गर्ने ।
- उपभोक्ता हित संरक्षणका लागि सचेतीकरण गर्ने ।

७. विपद् व्यवस्थापन सम्बन्धी कार्य
- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सञ्चालन तथा व्यवस्थापन गर्ने,
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा तथा कार्यान्वयन गर्ने र गराउने,
- मनसुन अपतकालीन कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने र गराउने,
- विपद्को क्षति विवरण संकलन तथा विपद् पीडितहरुलाई तत्काल राहत वितरण गर्ने,

९. विविध कार्य
- गुनासो सुनुवाई गर्ने
- विकास आयोजनाहरु कार्यान्वयनमा समन्वय गर्ने
- स्थानीय तहसँग समन्वय गर्ने ।
- सरकारी निकायबाट हुने सार्वजनिक सेवा प्रवाहको अनुगमन गर्ने ।
- नेपाल सरकार गृहमन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १ लगायत अन्य तालुक निकायबाट प्राप्त निर्देशन अनुसार कार्य गर्ने ।

### ख. शाखा

जिल्ला प्रशासन कार्यालयबाट कार्य विवरण अनुसारका कार्यहरु सम्पादन गर्नका लागि यस कार्यालयमा निम्नानुसारका शाखाहरुको व्यवस्था गरिएको छ ।

१. नागरिकता तथा प्रतिलिपी शाखा
२. स्थानीय प्रशासन, मुद्दा तथा शान्ति सुरक्षा शाखा
३. राहदानी तथा जिन्सी साखा
४. गुनासो सुनुवाई तथा अभिलेख व्यवस्थापन शाखा
५. आर्थिक प्रशासन शाखा
६. विपद् व्यवस्थापन शाखा

बुलेटिन २०७६

## जिल्ला प्रशासन कार्यालयमा हाल कार्यत कर्मचारीहरूको विवरण

| सि.नं | नामथर | पद | ठेगाना | शाखा | सम्पर्क |
|---|---|---|---|---|---|
| १ | लक्ष्मी देवी होमागाई (खतिवडा) | प्रमुख जिल्ला अधिकारी | सूर्यविनायक न.पा. ९ भक्तपुर | | 9852097777 |
| २ | भक्त बहादुर खड्का | सहायक प्रमुख जिल्ला अधिकारी | म्याङ्लुङ्ग नगरपालिका-७, तेह्रथुम | | 9852069666 |
| ३ | गोविन्द लिम्बु (करार) | कम्प्युटर अपरेटर | लालिगुराँस न.पा.-८,तेह्रथुम | कम्पुटर शाखा | 9862141315 |
| ४ | रामप्रसाद भट्टराई | खरिदार | फेदाप गा.पा.- ३, तेह्रथुम | प्रशासन शाखा | 9852053003 |
| ५ | रमेश कार्की | सह लेखापाल | चैनपुर-९, संखुवासभा | आर्थिक प्रशासन शाखा | 9842114594 |
| ६ | हेमराज राई | खरिदार | बाला, संखुवासभा | नागरिकता शाखा / राहदानी शाखा | 9862122430 |
| ७ | कामेश्वर कुमार यादव | सहायक कम्प्युटर अपरेटर | छिन्नामस्ता ४, सप्तरी | नागरिकता शाखा | 9863912366 |
| ८ | उदय प्रकाश चौधरी | हलुका सवारी चालक | रामधुनी न.पा.-५, सुनसरी | | 9862020250 |
| ९ | कमला भुजेल | कार्यालय सहयोगी | म्याङ्लुङ्ग नगरपालिका २, तेह्रथुम | | 9842302668 |
| १० | खगेन्द्र प्रसाद ढकाल | कार्यालय सहयोगी | म्याङ्लुङ्ग नगरपालिका २, तेह्रथुम | | 9842255467 |
| ११ | फौद बहादुर भण्डारी | कार्यालय सहयोगी | म्याङ्लुङ्ग नगरपालिका १, तेह्रथुम | | 9842426209 |
| १२ | प्रकाश खनाल | कार्यालय सहयोगी | लालिगुराँस न.पा.-८,तेह्रथुम | | 9860267524 |
| १३ | विनोद दुगाना | कार्यालय सहयोगी | म्याङ्लुङ्ग नगरपालिका ३, तेह्रथुम | | 9842549104 |

## प्रमुख जिल्ला अधिकारीहरूको विवरण

| क्र.सं. | नाम.थर | कार्यरत अवधि | | क्र.सं. | नाम.थर | कार्यरत अवधि | |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | देखि | | |
| १ | श्री श्याम कुमार श्रेष्ठ | २०२४ | २०२६ | २१ | श्री शरद चन्द्र पौडेल | २०५६।०९।०१ | २०५७।११।१२ |
| २ | श्री विष्णु गोपाल खंजु | २०२६ | २०२८।०३।०३ | २२ | श्री रामप्रसाद घिमिरे | २०५७।११।१७ | २०५९।०१।२३ |
| ३ | श्री मुकुन्द प्र. उपाध्याय | २०२८।०३।२७ | २०२९।०९।१३ | २३ | श्री हरिलोचन शर्मा घिमिरे | २०५९।०२।०७ | २०६०।०७।११ |
| ४ | श्री राम मणि मुडभरी | २०२९।१०।१८ | २०३२।११।२४ | २४ | श्री विनोद खनाल | २०६०।१०।१२ | २०६२।०१।३१ |
| ५ | श्री शुसिल कान्त झा | २०३२।१२।०९ | २०३५।०४।०२ | २५ | श्री पूर्णभक्त तण्डुकार | २०६२।०२।१३ | २०६३।०२।२६ |
| ६ | श्री कुलराज पाण्डे | २०३५।०७।०९ | २०३५।१२।३० | २६ | श्री दुर्गाप्रसाद भण्डारी | २०६३।०३।२५ | २०६३।१२।०९ |
| ७ | श्री थानेश्वर प्र. कोईराला | २०३६।०८।१० | २०३७।०८।०२ | २७ | श्री प्रेमप्रसाद भट्टराई | २०६३।१२।२६ | २०६५।०७।०३ |
| ८ | श्री बलराम शर्मा | २०३७।०८।०९ | २०३९।०६।३० | २८ | श्री कमलकान्त रेग्मी | २०६५।०७।१७ | २०६६।०९।२१ |
| ९ | श्री देवेन्द्र भक्त श्रेष्ठ | २०३९।०७।२१ | २०४०।११।१४ | २९ | श्री सीताराम कार्की | २०६६।१०।०१ | २०६८।०३।१० |
| १० | श्री तीर्थ प्र. ज्ञवली | २०४०।१२।२९ | २०४३।११।०२ | ३० | श्री रामुप्रसाद उपाध्याय | २०६८।०३।१३ | २०६८।१०।२३ |
| ११ | श्री कीर्ती ब. चन्द | २०४३।११।१५ | २०४५।०१।१७ | ३१ | श्री वासुदेव घिमिरे | २०६८।१०।२६ | २०६९।०१।०८ |
| १२ | श्री सोम बहादुर के.सी. | २०४५।०१।३० | २०४६।०८।३० | ३२ | श्री किशोरकुमार चौधरी | २०६९।०१।१२ | २०७०।०३।२१ |
| १३ | श्री युवराज शर्मा | २०४६।१०।१३ | २०४७।०५।०२ | ३३ | श्री कालीप्रसाद पराजुली | २०७०।०३।२६ | २०७१।०१।२२ |
| १४ | श्री निरन्जन बराल | २०४७।०५।१७ | २०४८।०७।१७ | ३४ | श्री उमेशकुमार ढकाल | २०७१।०१।२९ | २०७२।०२।२९ |
| १५ | श्री राम प्रसाद श्रेष्ठ | २०४८।०८।१५ | २०४९।०७।२४ | ३५ | श्री मुरारी वस्ती | २०७२।०३।०३ | २०७३।०२।२२ |
| १६ | श्री नेत्र बहादुर रावल | २०४९।०९।०८ | २०५१।०८।२५ | ३६ | श्री मुनका न्यौपाने | २०७३।०२।२३ | २०७३।११।१७ |
| १७ | श्री राजेन्द्र झा | २०५१।११।१६ | २०५२।०७।०९ | ३७ | श्री अस्मान तामाङ | २०७३।११।१८ | २०७४।०३।०२ |
| १८ | श्री नारायण गोपाल मलेगो | २०५२।०८।१४ | २०५४।०९।११ | ३८ | श्री वेदनिधी खनाल | २०७४।०३।०५ | २०७५।०४।१५ |
| १९ | श्री बाबुराम लामिछाने | २०५४।०८।२० | २०५५।०९।०९ | ३९ | श्री लक्ष्मीदेवी होमागाई खतिवडा | २०७५।०४।२१ | हाल सम्म |
| २० | श्री हरिहर शर्मा | २०५५।०९।१६ | २०५६।०८।१४ | | | | |

**जिल्ला प्रशासन कार्यालय तेह्रथुमबाट प्रदान गरिएका सेवाहरु**

**क. सुशासन**

**१. सेवाग्राहीहरुका लागि Wifi, शुद्ध खानेपानी सुविधा**

सेवाग्राहीहरुले सेवा प्राप्तिको क्रममा गर्नुपर्ने प्रतिक्षाको समय व्यवस्थापनका लागि सहायता कक्ष, शुद्ध खानेपानी (तातो,चिसो), को अलावा सेवाग्राही मैत्री कार्यालय वातावरण सिर्जनाका लागि २०७५ पौष देखि कार्यालय परिसर भित्र Free Wi-fi को व्यवस्था गरिएको छ । आफ्नो इच्छा अनुसार कालो चिया समेत खान सकिने व्यवस्था मिलाइएको छ ।



**२. सुविधायुक्त प्रतिक्षालय**

कार्यालय भित्र सेवा प्राप्त गर्न लाग्ने समयसम्म बस्ने प्रतिक्षालय व्यवस्था रहेको छ । कार्यालय भवन निर्माण हुँदै गरेको र सोको परिसरमा प्रदेश नं. १ आन्तरिक मामिला तथा कानून मन्त्रलयबाट प्राप्त बजेटबाट चिसो मौसममा न्यानो हुने गरी झ्याल तथा ढोकाको व्यवस्था भएको सुविधायुक्त प्रतिक्षालय निर्माण भइसकेको छ । हाल कार्यालय सञ्चालन भइरहेको भवन जीर्ण तथा पुरानो भएको भएतापनि सेवाग्राहीलाइ बस्न पुग्ने गरी बेन्चको व्यवस्था गरिएको छ ।

**३. Website, Facebook page, Email, Fax र SMS**

कार्यालयका गतिविधिहरु कार्यालयको वेबसाइट www.daotehrathum.gov.np, Facebook page: 13thum@gmail.com, र Twitter मार्फत नियमित रुपमा अद्यावधिक गर्ने गरिएको छ । कार्यालय सम्पूर्ण गतिविधिहरु, मासिक प्रगति, सूचना, जानकारीहरुलाई नियमित रुपमा अद्यावधिक गरी सार्वजनिक गर्ने गरिएको छ । जसबाट सेवाग्राहीहरुको सूचनाको हक कार्यान्वयनमा सुनिश्चित भएको छ । जिल्ला प्रशासन कार्यालयका साथै जिल्लामा रहेका सबै सरकारी कार्यालयहरुको website, facebook पेज सञ्चालनमा रहेको छ ।

कार्यालयबाट सम्प्रेषण गर्नुपर्ने, पत्राचार गर्नुपर्ने कागजातहरु इमेल, Fax र SMS (MOHA) मार्फत सम्बन्धीत मन्त्रालय तथा कार्यालयहरुमा पठाइने गरिएको छ । यसबाट प्रविधिको प्रयोग वृद्धि हुनुको साथै Paperless Organization को अवधारणा कार्यान्वयन भएको छ । प्रत्येक कर्मचारीको Official Email समेत रहेको छ ।

**४. E-attendance, Television, CCTV जडान तथा Networking**

कर्मचारीहरुको हाजिरि व्यवस्थापनका लागि विद्युतीय हाजिरी गर्ने व्यवस्था गरिएको छ । जिल्ला प्रशासन कार्यालय परिसर भित्र सेवाग्राही तथा कर्मचारीहरुका गतिविधि निगरानी हुने गरी ३ वटा CCTV जडान गरीएको छ साथै सामाजिक अपराध, अवैध चोरी पैठारी, अवैध वस्तुको ओसारपसार, सडक दुर्घटना लगायतका गतिविधिहरु न्यूनिकरण गरी जिल्लामा शान्ति सुरक्षा र अमनचयन कायम गर्नका लागि तेह्रथुमको मुख्य मुख्य सडक बजार क्षेत्र, प्रहरी चेक प्वाइन्ट, आपराधिक गतिविधि हुनसक्ने सम्भावित क्षेत्रहरुमा CCTV जडान गरी सम्बन्धीत प्रहरी कार्यालयहरुमा Networking गर्नका लागि स्थानीय तहसँगको अनुरोधमा जडान कार्य भैरहेको छ । म्याङलुङ बजारमा रहेको CCTV को Monitor जिल्ला प्रहरी कार्यालयमा रहेको र यसबाट चोरी, आपराधिक तथा अवैधानीक कार्य भएमा तुरुन्त अनुसन्धान तथा कारबाही गर्न सहज भएको छ ।

**५. सौर्य उर्जा प्रणाली जडान**

नियमित विद्युत सप्लाइ नहुने हुँदा कार्यालयबाट नियमित हुने सेवा प्रवाहमा कठिनाइ भएकोले विद्युत नहुँदा कार्यालयका कम्प्यूटर, फ्याक्स, फोटोकपी र प्रिन्टर समेत सञ्चालन हुने गरि सौर्य उर्जा प्रणाली जडान गरिएको छ । यसको प्रयोगले सेवा ग्राहीलाइ छोटो समयमा नागरिकता, राहदानी सिफारिस लगायतका सेवा प्रदान गर्न सहज भएको छ ।

**६. विदाको दिन सरकारी सवारी साधनको प्रयोगमा नियमन**

जिल्ला स्थित सरकारी कार्यालयहरुले विदाको दिन तथा जिल्ला बाहिर सवारी साधन लैजानुपर्ने भएमा जिल्ला प्रशासन कार्यालयबाट अनिवार्य रुपमा सवारी पास लिनुपर्ने व्यवस्था कडाइका साथ कार्यान्वयन गरिएको छ ।

**७. कर्मचारीलाई सपथग्रहण र कार्यविवरण प्रदान**

गृह मन्त्रालयबाट जारी सदाचार संहिता २०७५ बमोजिम यस कार्यालयमा कार्यरत सबै कर्मचारहरुलाई सोही संहिताको बुँदा २० मा उल्लेख भए बमोजिम अनुसूचि १ भरि सपथ ग्रहण गराईएको र यस कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई २०७५।१०।१६ गते कार्यविवरण दिई अफ्नो कार्यप्रति जिम्मेवार र जवाफदेही बनाईएको छ ।

**८. जिल्ला स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको कृयाशिलता**

जिल्ला सुशासन ऐन तथा नियमावली बमोजिमको जिल्ला स्तरीय अनुगमन समितिको मिति २०७५ चैत्र २२ गते बैठक बसी जिल्लाका विभिन्न निकायहरुबाट हुने सेवा प्रवाह छिटो छरितो मितव्ययी, पारदर्शी तथा सेवाग्राही मैत्री रुपमा प्रवाह भए नभएको अनुगमन तथा मूल्यांकन गर्न प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा म्याङलुङ नगरपालिकाका नगर प्रमुख र जिल्ला समन्वय अधिकारी सदस्य तथा सहायक प्रमुख जिल्ला अधिकारी सदस्य सचिव रहेको जिल्ला स्तरीय अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिएको थियो । यस समितिले जिल्लाका संघीय र प्रदेश स्तरीय कार्यालयहरुमा विभिन्न समयमा अनुगमन तथा छड्के निरिक्षण गरेको थियो । कार्यालयको तर्फबाट २०७५ भाद्र, माघ र मिति २०७६।०३।२५ मा कार्यालयहरू निरिक्षण गरेको थियो । निरिक्षणको क्रममा परिचय पत्र तथा पोशाक नलगाउने कर्मचारीहरुलाइ मौखिक सचेत गराइएको र पूर्व स्वीकृती नलिइ बिदा बस्ने कर्मचारीहरुलाइ स्पष्टीकरण सोधिएको र विदा लिन लगाइएको थियो ।

९. एकीकृत घुम्ती शिविर तथा सार्वजनिक सुनुवाइ

यस जिल्लामा विभिन्न कार्यालयहरुले प्रदान गरिरहेका सेवाहरुलाइ नागरिकको घरदैलोमा पुर्याउने उद्देश्यले जिल्लाका विभिन्न ४ दुर्गम स्थानहरुमा जिल्ला प्रशासन कार्यालयको संयोजकत्वमा एकीकृत घुम्ती शिविर तथा सार्वजनिक सुनुवाइ सम्पन्न गरिएको थियो । सो घुम्ति शिविरमा प्रदान गरिएका सेवाको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं | मिति | स्थान | प्रदान गरिएको सेवा | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मतदाता नामावली | | | संख्या | |
| १ | २०७५।०८।०१-२०७५।०८।०१ | मोराहाङ, मेन्छयायेम गाउँपालिका | ३६ | २९ | ६५ | ३८ | २७ | ६५ | | जिल्ला अस्पताल कार्यालय बाट स्वास्थ्य जाँच - २०० जना, घरेलु तथा साना उद्योग विकास समितिबाट उद्योग दर्ता-१ र पसल दर्ता-२ भएको । डिभिजन वन कार्यालयबाट बिरुवा वितरण गरिएको । |
| २ | २०७५।१०।११-२०७५।१०।१२ | आँसीडाँडा, फेदाप गाउँपालिका | ४२ | ३८ | ८० | ३६ | ४४ | ८० | २ | |
| ३ | २०७६।०२।११-२०७६।०२।१२ | बसन्तपुर, लालिगुराँस नगरपालिका | ४९ | ४० | ८९ | ७० | ६७ | १३७ | | |
| ४ | २०७६।०२।१५-२०७६।०२।१७ | छथर गाउँपालिका | २२६ | १५५ | ३८१ | १९८ | १६८ | ३६६ | ६ | सार्वजनिक सुनुवाइ समेत |
| जम्मा | | | ३५३ | २६२ | ६१५ | ३४२ | ३०६ | ६४८ | ८ | |








समुदाय प्रहरी साझेदारी कार्यक्रम ६ वटै पालिका स्तरमा प्रथम पटक सञ्चालन गर्दा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सो कार्यक्रम सम्पन्न भएको र सोही कार्यक्रममा सार्वजनिक सुनुवाइ सम्पन्न गरि स्थानीयवासीको शान्ति सुरक्षा सम्बन्धमा सल्लाह, सुझाव लिइ सोही अनुसार जिल्लामा शान्ति सुरक्षाको समेत प्रबन्ध मिलाइएको थियो ।

१०. सूचनाको हकको कार्यान्वयन

सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा सो को नियमावली २०६५ बमोजिम यस जिल्लाका सबै सरकारी कार्यालयमा सूचना अधिकारी तोकिएको, सूचना अधिकारीहरुको नामावली र सम्पर्क विवरण जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक गरिएको, सूचना अधिकारीहरुसँग नियमित बैठक गर्ने गरिएको तथा सूचनाको हक सम्बन्धमा सूचना अधिकारीहरुलाई प्रशिक्षण दिईएको छ । सबै सरकारी कार्यालयहरुबाट सम्पादित कामहरुको त्रैमासिक विवरण सार्वजनिक गर्ने व्यवस्था गरिएको छ ।

ख. शान्ति सुरक्षा तथा अमनचयन

जिल्लाको समग्र शान्ति सुरक्षा अपराध नियन्त्रण तथा न्यूनिकरण, विकास निर्माणमा समन्वय तथा सहजीकरण तथा प्रभावकारी विपद् व्यवस्थापनका लागि आ.व. २०७५।०७६ को श्रावण महिनामै एकीकृत सुरक्षा योजना २०७५ बनाइ निर्माण गरि कार्यान्वयन गरिएको भएता पनि गृह मन्त्रालयले प्रमुख जिल्ला अधिकारीसँग कार्य सम्पादन सम्झौता गर्ने सम्बन्धी परिपत्र प्राप्त भएपछि मिति २०७५ माघ महिनामा सो

योजनालाइ परिमार्जन गर्न सहायक प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा अन्य सुरक्षा निकायका प्रतिनिधि सदस्य रहेको एक उपसमिति गठन गरी जिम्मेवारी दिएको र सो समितिले परिमार्जन गरेको मस्यौदालाइ मिति २०७५।११।२७ गते बसेको जिल्ला सुरक्षा समितिले स्वीकृत गरेपछि तेह्रथुम जिल्लाको एकीकृत रणनीतिक सुरक्षा योजना कार्यान्वयन भएको छ । यो योजना एवं गृह मन्त्रालयबाट समय-समयमा प्राप्त निर्देशनलाइ आधार मानि जिल्ला सुरक्षा समितिले विभिन्न समयमा विभिन्न निर्णयहरु गरि जिल्लामा शान्ति सुरक्षा तथा अमनचयन कायम राख्न सफल भएको छ । यस आर्थिक वर्ष २०७५।०७६ मा जिल्ला सुरक्षा समितिको ३६ पटक बैठक बसि विभिन्न निर्णयहरु गरेको र दुइ पटक एकीकृत जिल्ला सुरक्षा योजनाको समिक्षा भएको छ ।

### १.अन्तर जिल्ला सुरक्षा समन्वय बैठक

तेह्रथुम जिल्लासँग सिमाना जोडिएका जिल्लाहरुसँग जिल्लाको सीमा क्षेत्रमा हुने अपराध नियन्त्रण, सेवा प्रवाह, विपद् व्यवस्थापन, अन्तरसीमा विवाद तथा सीमा क्षेत्रमा हुने अवैध घुसपैठ आदि विषयमा छलफल गरी छिमेकी जिल्लाहरुसँग समन्वय तथा सहकार्य गर्ने उद्देश्यले तेह्रथुम जिल्लासँग सीमा जोडिएका जिल्लाहरु संखुवासभा, ताप्लेजुङ र पांचथर जिल्लासँग तिनै जिल्लाका सुरक्षा समितिका पदाधिकारीहरु, मालपोत अधिकृत तथा नापी अधिकृत समेतको सहभागितामा संयुक्त सुरक्षा समन्वय बैठक बसी माथि उल्लेखित विषयहरुमा छलफल गरिएको थियो । बैठकको मिति तथा स्थान देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | मिति | स्थान | सहभागी जिल्ला |
|---|---|---|---|
| १ | २०७५।१०।२६ | खाँदबारी | तेह्रथुम र संखुवासभा |
| २ | २०७६।०२।०१ | गुफापोखरी संखुवासभा | तेह्रथुम, संखुवासभा र ताप्लेजुङ |
| ३ | १०७६।०२।२९ | फिदिम पांचथर | तेह्रथुम र पाँचथर |





### २. कारागार व्यवस्थापन

कारागारमा रहेका कैदीबन्दीहरुलाई सहज जीवनयापन तथा कैद भुक्तानलाई सरल र सुरक्षित बनाई सुधार गृहको रुपमा रुपान्तरण गर्न हाल अवस्थित रहेको कारागारलाई अन्यत्र सारी व्यवस्थित रुपमा सञ्चालन गर्न जग्गाको प्रबन्धका लागि गृह मन्त्रालय र कारागार व्यवस्थापन विभागमा आवश्यक कागजात तथा निर्णय पठाईएको, अत्याधुनिक नौं थान सीसी क्यामेरा जडान गरिएको, डबल डेकर फल्ामे खाट जडान गरिएको, आधुनिक सेफ्टीक ट्यांक निर्माण गरिएको, स्मार्ट टी.भि. प्रदान गरिएको, ६ थान Fire Extinguisher को व्यवस्था गरिएको साथै मनोरञ्जनात्मक तथा आध्यात्मिक कार्यक्रमहरु समेत सञ्चालन गरिएको छ ।

### ग. बजार अनुगमन

उपभोक्ताहरुको अधिकार संरक्षण गर्दै उनीहरुको स्वास्थ्य रक्षा र बजारमा स्वच्छ प्रतिस्पर्धा होस् भन्ने उद्देश्यले जिल्ला भित्रका विभिन्न स्थानका बजारहरुमा बजार अनुगमन गर्न बजार अनुगमन कार्ययोजना तयार गरी २०७६।११।०१ देखि कार्यान्वयन गरिएको छ ।

| क्र.सं. | अनुगमनका क्षेत्र मुख्य कार्यहरु | अनुगमनका मुख्य क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | सूचक | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | खाद्यवस्तु<br>क.पानी<br>ख.दुध र दुध जन्य पदार्थ मिठाइ<br>ग.खाने तेल अन्न र दल<br>घ.औषिधिक र प्रशोधित खानेकुरा | क.विभिन्न खाद्यवस्तु सम्बद्ध ऐन नियम र निर्देशिकाका मापदण्डहरु पुगे नपुगेको चेकजाँच गर्ने ।<br>ख.विभिन्न खाद्यवस्तुको लेवलिङ्ग म्याद तौल लगायतका हुनु पर्ने विषयहरु चेकजाँच गर्ने ।<br>ग.पसलहरुमा मूल्यसूची राखे नराखेको चेकजाँच गर्ने । | -खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय<br>-नाप तौल तथा गुणस्तर कार्यालय<br>-न.पा. तथा गा.पा. कार्यालय | तथा गुण नियन्त्रण कार्यालय<br>( नाप तौल तथा गुणस्तर कार्यालय<br>( न.पा. तथा गा.पा. कार्यालय । | महिनाको कम्तिमा १ पटक खाद्यवस्तु को अनुगमन भएको हुनेछ । | - उपभोक्ता हित<br>- समितिहरु सञ्चार<br>- कर्मीहरुलाई सहभागि<br>- बनाउन सकिने । |
| २. | नाप/तौल | क.बजारका खुद्रा पसल हाट बजार र सडक पसलमा राखिएका नाप तौलका | - नाप तौल तथा गुण नियन्त्रण कर्यालय | जिल्ला प्रशासन कार्यालय । | महिनाको कम्तिमा १ पटक नाप तौल | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | उपकरणको चेक जाँच गर्ने ।<br>ख.बजारका होलसेल पसलका नाप तौलका उपकरण चेक जाँच गर्ने<br>ग.निर्माण सामग्री बिक्रि वितरण गर्ने होलसेल तथा खुद्रा पसलका नाप तौलका उपकरण चेकजाँच गर्ने ।<br>घ.होलसेल पसलमा राखिएका नापतौल उल्लेख भएका सामानहरुको नापतौल चेकजाँच गर्ने । | - न.पा. तथा गा.पा. कार्यालय । | - जिल्ला प्रहरी कार्यालय । | सम्बन्धी अनुगमन भएको हुनेछ । | |
| ३. | पेट्रोलियम | क.पेट्रोल पम्पहरुका नापको शुद्धताको चेकजाच गर्ने ।<br>ख.ग्यास डिलर र पेट्रोल पम्पहरुको सुरक्षाको चेकजाँच गर्ने ।<br>ग.पेट्रोलियम पदार्थमा मिसावटको चेकजाँच गर्ने<br>घ.ग्यास डिलरहरुमा रहेका शिलबन्दी भएका ग्याँस सिलिण्डरहरुको तौलको नाप लिने । | -नेपाल आयल निगम<br>-वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय | ( जिल्ला प्रशासन कार्यालय ।<br>( जिल्ला प्रहरी कार्यालय । | महिनाको कम्तिमा १ पटक पेट्रोलियम सम्बन्धी अनुगमन भएको हुने छ । | |
| ४. | जनस्वास्थ्य र औषधि पदार्थ | क.सरकारी सामुदायिक र निजी स्वास्थ्य संस्थाहरुको संचालन व्यवस्थापन शुल्क र गुणस्तर सम्बन्धी चेकजाँच गर्ने ।<br>ख.अस्पताल जन्य फोहोरको व्यवस्थापन सम्बन्धी चेकजाँच गर्ने<br>ग.औषधी पसलहरुको दर्ता नविकरण इजाजत कर चुक्ता र औषधीको मूल्य सम्बन्धी चेकजाँच गर्ने ।<br>घ.गैर कानूनी औषधीको बिक्रि वितरण सम्बन्धी चेक जाँच गर्ने । | -स्वास्थ्य कार्यालय<br>-वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय । | -जिल्ला प्रशासन कार्यालय ।<br>-जिल्ला प्रहरी कार्यालय । | महिनाको कम्तिमा १ पटक जनस्वास्थ्य र औषधी जन्य पदार्थ सम्बन्धी अनुगमन भएको हुने छ । | -औषधि व्यवसायी तथा अस्पताल संचालकहरुका प्रतिनिधित्व गराउन सकिने । |
| ५. | पशु र मासुजन्य पदार्थ | क पशु क्वारेन्टाइन सम्बन्धी ऐन नियमका प्रावधानहरु अध्ययन गर्ने ।<br>ख पशु सम्बन्धी विभिन्न मापदण्डहरु कार्यान्वयन भए नभएको चेक जाँच गर्ने<br>ग मासु व्यापार सम्बन्धी ऐन नियमका मापदण्डहरु कार्यान्वयन भए नभएको चेक जाँच गर्ने | -भेटनरी अस्पताल तथा पशुसेवा केन्द्र तेह्रथुम ।<br>-वाणिज्य आपूर्ति तथा उपभो कार्यालय । | -जिल्ला प्रशासन कार्यालय ।<br>-जिल्ला प्रहरी कार्यालय । | महिनाको कम्तिमा १ पटक पशु र मासुजन्य पदार्थ सम्बन्धी अनुगमन भएको हुने छ । | -मासु व्यवसायीलाई सहभागी गराउन सकिने । |
| ६. | फलफूल र तरकारी अन्य पदार्थ | क.कृषि क्वारेन्टाइन सम्बन्धी ऐन नियम र मापदण्डहरुको कार्यान्वयन र अनुसरणको चेकजाँच गर्ने ।<br>ख.तरकारीमा विषादी प्रयोग सम्बन्धी मापदण्डको अनुसरणको चेक जाँच गर्ने । | -कृषि ज्ञान केन्द्र ।<br>-वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय । | -जिल्ला प्रशासन कार्यालय ।<br>-जिल्ला प्रहरी कार्यालय । | महिनाको कम्तिमा १ पटक फलफूल र तरकारी जन्य पदार्थ सम्बन्धी अनुगमन भएको हुने छ । | -तरकारी व्यवसायीलाई सहभागी गराउन सकिने । |
| ७. | मदिरा र पेय पदार्थ | क प्रावधानहरु अनुशरण भए नभएको चेक जाँच गर्ने ।<br>ख.पेय पदार्थ सम्बन्धी मापदण्ड लागु गरे नगरेको चेक जाँच गर्ने । | -आन्तरिक राजश्व कार्यालय ।<br>-वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय | -जिल्ला प्रशासन कार्यालय ।<br>-जिल्ला प्रहरी कार्यालय । | १ पटक मदिरा र पेय पदार्थ सम्बन्धी अनुगमन भएको हुने छ । | कोष तथा लेखा नियन्त्रण कार्यालय घरेलु तथा साना उद्योग विकास समिति |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | शिक्षा<br>क.सामुदायिक विद्यालय<br>ख.संस्थागत विद्यालय<br>ग.शैक्षिक इन्स्टिच्युटहरु | ख.संस्थागत विद्यालयका सम्बन्धमा शिक्षा ऐन नियमावलीका व्यवस्था कार्यान्वयनको चेक जाँच ।<br>ग.संस्थागत विद्यालयको शुल्क सम्बन्धी निरीक्षण ।<br>घ.शैक्षिक इन्स्टिच्युटहरुको दर्ता नविकरणकर सम्बन्धी चेक जाँच । | -शिक्षा विकास तथा समन्वय इकाइ ।<br>-स्थानीय तह । | -जिल्ला प्रशासन कार्यालय ।<br>-जिल्ला प्रहरी कार्यालय । | महिनाको कम्तिमा १ पटक शिक्षा सम्बन्धी अनुगमन भएको हुने छ । | -शिक्षक संगठन संघको प्रतिनिधित्व गराउन सकिने ।<br>-अभिभावक संघको प्रतिनिधित्व गराउन सकिने ।<br>-संस्थागत विद्यायहरुको सहभागिता गराउन सकिने ।<br>-शिक्षक संगठनहरु |
| ९. | यातायात<br>क.यातायात कम्पनी<br>ख.यातायात पार्किङ्ग<br>ग.यातायात व्यवस्था पत्र<br>घ.टिकट र टिकट मूल्य | क.सवारी तथा यातायात व्यवस्था ऐन र नियमावलीको प्रावधानको अनुशरण भए नभएको चेक जाँच ख.बस पार्कहरुको संचालन र व्यवस्थापनको अवस्था ।<br>ग.ट्राफिक प्रहरीबाट भएका काम कारवाहीको अनुगमन<br>घ.यात्रु ठगी र बढी भाडा सम्बन्धी चेक जाँच | -जिल्ला ट्राफिक प्रहरी कार्यालय<br>-यातायात व्यवस्था कार्यालय<br>-वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय ।<br>-स्थानीय तह । | -जिल्ला प्रशासन कार्यालय ।<br>-जिल्ला प्रहरी कार्यालय । | महिनाको कम्तिमा १ पटक यातायात सम्बन्धी अनुगमन भएको हुने छ । | -यातायात कम्पनी तथा व्यवसायी हरुलाई सहभागी गराउन सकिने ।<br>-अधिकारकर्मिहरुलाई सहभागी गराउन सकिने । |
| १०. | होटल मोटल र रेष्टुरेन्ट | क.सम्बन्धित मापदण्ड पुरा गरे नगरेको ख.दर्ता नविकरण र कर चुक्ता भए नभएको ।<br>ग.सरसफाइ र हाइजिनको अवस्था | वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय | -जिल्ला प्रशासन कार्यालय ।<br>-जिल्ला प्रहरी कार्यालय । | महिनाको कम्तिमा १ पटक होटल मोटल र रेष्टुरेन्ट सम्बन्धी अनुगमन भएको हुने छ । | -सम्बन्धित व्यवसायी हरुलाई सहभागि गराउन सकिने । |

**बजार अनुगमन कार्यतालिका**

| क्र.सं. | अनुगमनको क्षेत्र | समय तालिका | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | माघ | फाल्गुन | चैत | वैशाख | जेठ | असार |
| १. | खाद्य वस्तु: पानी, दुध र दुध जन्य पदार्थ, मिठाइ, खाने तेल अन्न र दलहन, औधिगिक र प्रशोधित खानेकुरा | ■ | ■ | ■ | ■ | ■ | ■ |
| २. | नाप तौल | | ■ | ■ | | | |
| ३. | पेट्रोलियम | | | | | | |
| ४. | जनस्वास्थ्य र औषधि जन्य पदार्थ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| ५. | पशु र मासुजन्य पदार्थ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| ६. | फलफूल र तरकारी जन्य पदार्थ | | | ■ | ■ | ■ | |
| ७. | मदिरा र पेय पदार्थ | | | | | ■ | ■ |
| ८. | शिक्षा: सामुदायिक विद्यालय, संस्थागत विद्यालय, शैक्षिक इन्स्टिच्युटहरु | | | | ■ | ■ | ■ |
| ९. | यातायात: यातायात कम्पनी, यातायात पार्किङ्ग, यातायात व्यवस्थापन, टिकट र टिकट मूल्य | | ■ | ■ | | | |
| १०. | होटल मोटल र रेष्टुरेन्ट | | | | ■ | ■ | |

**बजार अनुगमन संयुक्त समितिको बैठक :**

बजार अनुगमनलाई प्रभावकारी बनाउन सरोकारवाला निकायहरुसँग संयुक्त बैठक तथा छलफल गरी बजार अनुगमन गरीएको छ । यस आ.व. मा संयुक्त बजार अनुगमन समितिको बैठक देहायको मितिमा सम्पन्न भई बजार अनुगमन गरिएको थियो ।

| क्र.सं. | मिति | सहभागी निकाय |
|---|---|---|
| १ | २०७५।१२।१३ | जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, म्याङलुङ नगरपालिका, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, को.ले.नि.का, स्वास्थ्य कार्यालय, घरेलु तथा साना उद्योग विकास समिति, भेटेरनरी, अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, उपभोक्ता अधिकार संरक्षण संघ, |
| २ | २०७६।०२।२६ | |
| ३ | २०७६।०३।२२ | |

बजार अनुगमन कार्य :

यस आ.व.मा देहायका मिती र स्थानहरुमा बजार अनुगमन गरिएको थियो :

| क्र.सं. | मिति | स्थान | संयोजक निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | २०७५।०४।२४ | शुक्रबारे बजार, छथर | जिल्ला प्रशासन कार्यालय | १३४ भन्दा बढी किराना, भेटेरेनरी, औषधि, ज्वेलरी, मासु, होटल, भाँडा, कस्मेटिक्स, जुत्ता चप्पल, विष्कुट निम्कि उद्योग आदी पसलहरुको अनुगमन भएको र करिब १ लाख बराबरको म्याद नाघेका उपभोग्य, पेय र कस्मेटिक्स सामग्रीहरु पत्रकार तथा सञ्चारकर्मी समेतको रोहबरमा नष्ट गरिएको । |
| २ | २०७५।०६।२० | जिरिखिम्ती बजार, म्याङलुङ बजार | " | |
| ३ | २०७५।०७।१३ | म्याङलुङ बजार | " | |
| ४ | २०७५।०८।०२ | मोराहाङ बजार मेन्छयायेम | " | |
| ५ | २०७६।०२।१२ | आँसीडाँडा, फेदाप | घरेलु तथा साना उद्योग विकास समिति | |
| ६ | २०७६।०२।१६ | शुक्रबारे बजार, छथर | जिल्ला प्रशासन कार्यालय | |
| ७ | २०७६।०२।२१ | सक्रान्ती बजार आठराई | कोष तथा लेखा नियन्त्रण कार्यालय | |


घ. विपद् व्यवस्थापनः

१. जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७१ परिमार्जन



जिल्लामा हुन सक्ने विपदहरुको पहिचान गरी विपद्बाट हुनसक्ने क्षतिको न्यूनिकरण गर्ने, सचेतना गर्ने पूर्व तयारी गर्ने, विपद् भएमा सो को प्रभावकारी उद्दार गर्ने र विपद् प्रभावीतलाई समयमै राहत प्रदान गर्ने कार्यका लागि विभिन्न निकायहरुको कार्यक्षेत्र तोकी वि.सं. २०७१ सालमा जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना स्वीकृत भई कार्यान्वयन भएकोमा यसमा समयानुकूल संसोधन तथा परिमार्जन गरि तयार गरिएको जिल्ला विपद् प्रतिकार्य योजना २०७५ मिति २०७५।०५।२२ गते बसेको बैठकले स्वीकृत गरेको थियो ।

२. जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र (DEOC) स्थापना





प्राकृतिक वा गैरप्राकृतिक दुवै कारणबाट हुने विपद्का घटनामा खोज तथा उद्दारमा खटिने सुरक्षाकर्मी तथा सर्वसाधारण सुरक्षित भइ कार्य गर्नुपर्ने भएकोले से सामग्री जिल्ला विपद् व्यवस्थापनसँग हुनुपर्ने भएकोले जिल्ला विपद् व्यवस्थापन समितिले मिति २०७६।१०।२६ गते जिल्लामा विपद् व्यवस्थापन समिति अन्तर्गत रहने गरी जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो । डिभिजन वन कार्यालय तथा नेपाल रेडक्रस सोसाईटीबाट खोज तथा उद्दारका केही सामग्रीहरु सहयोग प्राप्त भएको र ढलान काट्ने, रुख काट्ने, फलाम काट्ने जस्ता बढी मूल्य पर्ने सामग्रीहरु खरीद गर्न नगरपालिका तथा गाउँपालिकाबाट आर्थिक सहयोग गर्ने समेत सोही बैठकमा निर्णय भएको थियो ।

यसै गरी जिल्ला प्रशासन कार्यालयको कार्यालय भवन हाल नयाँ बन्दै गरेको पुरानो भवनमा पर्याप्त कोठाहरु नभएता पनि एक सानो उद्दार तथा खोजका सामग्रीहरु संकलन गरी जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र (DEOC) मिति २०७६।०२।२४ गते जिल्ला समन्वय समितिका प्रमुख श्री शिव प्रसाद ढुंगानाले उद्घाटन गर्नुभई सोही मितिबाट सञ्चालनमा आएको छ ।

हाल यस केन्द्रमा खोज तथा उद्दारका २० प्रकारका सामग्रीहरु रहेका छन् । जिल्ला विपद् व्यवस्थापन समितिको बैठक मिति २०७५।०५।२२, मिति २०७५ फाल्गुन २६ गते र मिति २०७६।०२।२४ मा ३ पटक बसेको विपद् न्यूनीकरण गरी स्थानीय स्तरमै सोको व्यवस्थापन गर्न स्थानीय विपद् समितिहरु वडा स्तरसम्म गठन गर्ने, विपद् नयूनीकरण गर्न सचेतना अभिवृद्दी गर्ने, आगलागी नियन्त्रण गर्न स्थानीय तह एवं सबै सरकारी गैरसरकारी कार्यालयहरुमा Fire Extinguisher प्रयोगमा ल्याउने, आगलागी नियन्त्रणका लागि दमकल पुग्न नसकेको स्थानमा भएका पानीका पाइपहरुमा Wash out point (Get valve) को व्यवस्था गर्ने, प्रत्येक गाउपालिका तथा नगरपालिकाहरुले विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तयार

गर्ने, विपद् न्यूनिकरण गर्न तथा सचेतना अभिवृद्दि तथा विपद् नियन्त्रण सम्बन्धी व्यवहारीक डेमो प्रदर्शनीका लागि कार्यक्रम तथा बजेटको व्यवस्था गर्ने जस्ता महत्वपूर्ण निर्णयहरु गरीएको थियो ।

**३. भुकम्प सुरक्षा दिवस - २०७५ माघ २**

भुकम्प सुरक्षा दिवस २०७५ का अवसरमा विभिन्न कार्यक्रमहरु तय गर्नकालागि २०७५ पौष २७ गते प्र.जि.अ. को अध्यक्षतामा सुरक्षा निकायका प्रमुखहरु, स्थानिय तहका प्रमुख तथा उपप्रमुख, कार्यालय प्रमुखहरु तथा सरोकारवाला विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थितिमा जिल्ला समारोह समितिको बैठक बस्यो । उक्त बैठकले देहाय बमोजिमका कार्यक्रम गरी भूकम्प सुरक्षा दिवस भव्यरुपमा मनाउने निर्णय गरियो ।

| | जिम्मेवार निकाय | मिति |
|---|---|---|
| प्लेकार्ड तथा ब्यानर सहित प्रभातफेरी कार्यक्रम | समिति | २०७५।१०।०२ गते विहान ७.३० बजे बसपार्क हुँदै रेडक्रस चोक सम्म |
| एफएम रेडीयोबाट विपद जोखिम न्युनिकरण सम्बन्धमा अन्तरकृया तथा परिसंवाद कार्यक्रम | स्थानीय एफएम रेडियोहरु | भूकम्प सुरक्षा दिवसको अवसरमा |
| नेपाल रेडक्रस सोसाईटीबाट रक्तदान कार्यक्रम संचालन गर्ने | रेडक्रस सोसाईटी तेह्रथुम | २०७५।१०।०२ गते ८.३० बजे देखि |
| उद्योग वाणिज्य संघको हलमा Disaster सम्बन्धी Presentation | सुरक्षा निकाय, रेडक्रस सोसाईटी | २०७५।१०।०२ गते ८.०० बजे देखि |

२०७५ माघ २ गते विहान म्याङलुङ्ग न.पा. बसपार्कमा सरकारी कार्यालयका प्रमुखहरु, गैरसरकारी संस्थाका प्ररमुखहरु, म्याङलुङ्ग न.पा.का प्रमुख, वडा अध्यक्ष, नेपाल रेडक्रस सोसाइटीका सभापति एवं अन्य सदस्यहरु पत्रकार, स्थानीय नागरीक समाजका प्रतिनिधि, विभिन्न व्यवसायीहरु तथा सुरक्षाकर्मीहरु भेला भई भुकम्प सुरक्षा दिवसको मुल नारा " विपदवाट सुरक्षित हुने नागरिक अधिकार; पुरा गर्न जिम्मेवार संघ, प्रदेश र स्थानिय सरकार" सहितको ब्यानर र विभिन्न प्लेकार्ड सहित विहान ७:३० देखि बस पार्क देखि उद्योग वाणिज्य संघको कार्यालय सम्म प्रभातफेरि कार्यक्रम सम्पन्न गरियो ।







मिति २०७५ माघ २ गते को प्रभातफेरी कार्यक्रम पश्चात उद्योग वाणिज्य संघको हलमा विपद जोखिम न्युनिकरण सम्वन्धमा Power Point Presentation स.प्र.ना.उ. श्री रोशन घिमिरेले गर्नुभएको थियो । जिल्ला समारोह समितिले आयोजना गरेको कार्यक्रम प्र.जि.अ. श्री लक्ष्मि देवी होमागाई ( खतिवडा) को अध्यक्षतामा तथा म्याङलुङ्ग नगरपालिकाका नगर प्रमुख श्री संजय कुमार तुम्बाहाम्फेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । ।

भुकम्प सुरक्षा दिवसकै अवसरमा २०७५ माघ २ गते रेडक्रस सोसाईटी तेह्रथुमले रक्तदान कार्यक्रम सम्पन्न गर्यो । रक्तदान कार्यक्रममा ६३ जनाले रक्तदान गरेका थिए ।

सोही दिन स्थानिय एफ एम रेडियो (रेडियो मेन्छयायेम) ले विपद् जोखिम न्युनिकरण तथा वि.सं. २०७२ वैशाख १२ गते ११:५६ बजे गएको भूकम्पको सम्झनामा ठिक ११:५६ बजे प्रमुख जिल्ला अधिकारी, प्रहरी नायव उपरिक्षक र नेपाल रेडक्रस सोसाइटी तेह्रथुमका सभापतिसँग परिसंवाद कार्यक्रम सम्पन्न गरको थियो ।

**४. आगलागि नियन्त्रण सम्बन्धमा डेमो प्रदर्शनी**

जिल्ला प्रशासन कार्यालय, सशस्त्र प्रहरी बल नेपाल, नं. ३ गुल्म र म्याङलुङ न.पा. वडा नं. ७ को संयुक्त आयोजनामा जिरिखिम्तीमा ग्यास सिलिण्डर तथा घर, गोठमा आगो लाग्दा कसरी निभाउने भन्ने सम्बन्धमा स्थानीयवासी, विद्यार्थी तथा जनप्रतिनिधिहरुलाइ व्यवहारिक अभ्यास गरि जानकारी गराइएको थियो । सशस्त्र प्रहरी बल बाहिनी पकलीबाट आएका प्रशिक्षकहरुले सोको डेमो (प्रर्दशनि) २०७६ जेठ ७ गते गरेका थिए ।







यस आ.व.मा प्रदान गरिएको राहतको विवरण

यस आ.व.मा जिल्लामा ३ जना आगलागी र १ जना बाढीले बगाएर जम्मा ४ जनाको मृत्यु भएको छ ।  बाढी, पहिरो, आगलागी, चट्याङ आदिको कारणबाट ४२ घटना घटेका छन् । मृतक ४ जनालाई जनही रु. १ लाखका दरले रु. ४ लाख र आगलागीबाट क्षती भएका ३५ घरलाई रु. ४७००००, चट्याङबाट क्षति भएका १ घरलाई रु. २०००० र बाढीबाट घर बगेका दुई परिवारलाई रु २०००० गरी कुल जम्मा रु. ९१०००० राहत प्रदान गरिएको छ ।

ङ. लागु औषध उत्पादन, प्रयोग तथा ओसारपसारमा नियन्त्रण

१. लागु औषध अपराध निषेध र मदिरा नियन्त्रण कार्य योजना २०७५

यो जिल्लामा लागु औषध उत्पादनकर्ता तथा  लागु औषध प्रयोगकर्ताहरु न्युन रहेको पाईएको तथा यस सम्बन्धी मुद्दा समेत दर्ता भएको पाईएको छैन । यस अ.व.मा लागु औषध सम्बन्धी एक मुद्दा दायर भएको देखिन्छ । लागु औषध अपराध निषेध तथा मदिरा प्रयोगलाई निरुत्साहित गरि सामाजिक शान्ति तथा सुव्यवस्था कायम गर्ने उदेश्यले यस जिल्लाको लागु औषध अपराध निषेध र मदिरा नियन्त्रण कार्ययोजना २०७५ स्वीकृत गरि मिति २०७५।११।१५ देखि कार्यान्वयन गरिएको छ । कार्ययोजना यस प्रकार रहेको छ ।

| सि.नं. | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | सहयोगी निकाय | कार्यान्वयनको चरण |
|---|---|---|---|---|---|
| १ | लागु औषध निषेध र मदिरा नियन्त्रण सम्बन्धी जागरणमूलक कार्यक्रम<br>- अभियान सञ्चालन गर्ने | निरन्तर | - जिल्ला प्रशासन कार्यालय,<br>- जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी इकाई<br>- सबै न.पा.गा.पा हरु, वडा कार्यालयहरु<br>-स्वास्थ्य संस्था | - बुद्धिजिवी,सञ्चारकर्मी, स्थानीय क्लब,<br>-विद्यालयका शिक्षक विद्यार्थी, वडा आमा समुहहरु<br>- महिला सञ्जाल | १.सचेतनामूलक कार्यक्रम<br>२. शंकास्पद व्यक्ति तथा समूहलाई पुनस्थापना केन्द्र सम्म लैजान पहल गर्ने ।<br>३. नियन्त्रणमा लिई कानुनी प्रक्रिया अगाडि बढाउने । |
| २ | लागु औषध अपराधीको खोजतलास अनुसन्धान र नियन्त्रणको कारबाही सञ्चालन गर्ने | | जि.प्र.का. तथा मातहत प्रहरी इकाई सबै | | नियन्त्रणमा लिई कानुनी प्रक्रिया अगाडि बढाउने । |
| ३ | उपचार तथा पुनस्थापना केन्द्रको अनुगमन र व्यवस्थापन गर्ने | | - | | - |
| ४ | मदिरा उत्पादन विक्री वितरण र सेवन मा कडाईका साथ नियन्त्रण र नियमन गर्ने, बजार व्यवस्थापन गर्ने | | - जिल्ला प्रशासन कार्यालय,<br>-जि.प्र.का.तथा मातहत प्रहरी इकाई सबै<br>-स्थानीय तहहरु | | १. सामाजिक सांस्कृतिक जागरण<br>२. सचेत गराउने<br>३. नियन्त्रणमा लिने |

**कार्य योजना अनुसार कार्यान्वयनको चरणहरु :-**

| चरण | कार्यक्रम | समय सीमा | जिम्मेवार स्थानीय | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन | प्रगति विवरण |
|---|---|---|---|---|---|---|---|
| पहिलो चरण | लागु औषध बिक्री वितरण, मदिरा उत्पादन तथा सेवन विरुद्ध जनचेतनामूलक र्‍याली, सभा, प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने । | जेष्ठ र असार | सबै तहहरु सबै वडाहरु | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्र.का तथा मातहत प्रहरी इकाइ सबै, स्थानीय न.पा., गा.पा., वडा कार्यालय र स्वास्थ्य संस्था | गैरसरकारी संघ संस्था, स्थानीय नागरिक समाज, बुद्धिजिवी, संचारकर्मी, स्थानीय क्लब, विद्यालयका शिक्षक, विद्यार्थी, आमा समूह, महिला सञ्जाल | जिल्ला प्रशासन कार्यालय, जि.प्र.का. | |
| | जिल्ला प्रवेश गर्ने नाकाहरुमा सवारीसाधन तथा लागु औषध ओसार पसार गर्न सक्ने सम्भावित सवारी साधन तथा व्यक्तिहरु माथि कडा चेक जाँचको व्यवस्था गर्ने । | निरन्तर | -जिल्ला प्रवेश गर्ने नाकाका चेकपोष्टहरु | प्रहरी इकाई सबै | | | |
| दोस्रो चरण | लागु औषध अपराधीको खोजतलास अनुसन्धान र नियन्त्रणको कारबाही, मदिरा उत्पादन बिक्री वितरण र सेवन मा कडाईका साथ नियन्त्रण जस्तै (इजाजत पत्रको चेकजाँच गर्ने अनुमति,मदिरा पसलहरुलाई कारबाही गर्ने, स्थानीय मदिरा उत्पादन तथा भण्डार तथा | श्रावण भाद्र र असोज | जिल्लाको सबै तहहरु | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्र.का तथा मातहत प्रहरी इकाइ सबै, | स्थानीय न.पा., गा.पा., वडा कार्यालय, स्वास्थ्य संस्था, गैरसरकारी संस्था, स्थानीय नागरिक समाज, बुद्धिजिवी, संचारकर्मी, स्थानीय क्लब, विद्यालयका शिक्षक, विद्यार्थी, आमा समूह | जिल्ला प्रशासन कार्यालय, जि.प्र.का. | |
| | बिक्री वितरणलाई न्यूनीकरण लागु औषध प्रयोगकर्ताहरुको अभिलेख राख्ने र ओसार पसार गर्नेहरु माथि कडा निगरानी गरी कारबाहीको दायरामा ल्याउने । | निरन्तर | " | " | " | " | " |

समृद्ध समाज निर्माणका निम्ति राज्यले वर्तमान समयमा गर्दै आएको सुधारका कार्यहरु आम जनमानसमा स्वागत योग्य रहेको छ । देशलाई लागु औषध दुव्र्यसनबाट मुक्त गरी दक्ष जनशक्तिलाई सही सदुपयोग गर्न यस विशेष अभियानले प्रभावकारी भूमिका खेल्नेमा कुनै दुइमत छैन । नेपाल देश आफैंमा विभिन्न भाषा, संस्कृति र जातजातिको सम्मिश्रण रहेको हुँदा कसैको संस्कृति परम्परालाई मध्यनजर राखी महत्तम रुपले नियमन नियन्त्रण गरी समृद्ध समाज निर्माणमा टेवा पुग्छ ।

**ख. लागू औषध दुरुपयोग तथा ओसारपसार विरुद्धको अन्तराष्ट्रिय दिवस (आषाढ ५-११,जुन (२०-२६ २०१९) सप्ताहव्यापी कार्यक्रम २०७६**

गृह मन्त्रालयको च.नं ८५२, मिति २०७६।०२।२८ पत्रबाट जुन २६ लाई लागू औषध दुरुपयोग तथा ओसारपसार विरुद्धको अन्तराष्ट्रिय दिवस सप्ताहव्यापी मनाउने सम्वन्धमा पत्र प्राप्त भएको जिल्ला प्रशासन कार्यालय तेह्रथुमले यस जिल्लामा रहेका सरोकारवालासंग सचेतना कार्यक्रम संचालन गरी सो विरुद्धमा सरोकारवालालाई सचेत गराई आगामी दिनमा पनि यस विरुद्धमा लागि रहने प्रेरणा दिने हेतुले सप्ताहव्यापी कार्यक्रम संञ्चालन गरिएको थियो । सप्ताहव्यापी कार्यक्रमको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | मिति | कार्यक्रम | कार्यक्रम भएको स्थान | सहभागीको विवरण | सहभागी संख्या | आयोजक |
|---|---|---|---|---|---|---|
| १. | २०७६।०३।०५ | प्रभातफेरी उद्घाटन कार्यक्रम, सचेतनामूलक प्रस्तुतीकरण | म्याङलुङ नगरपालिका (जिल्ला समन्वय समितिको सभाहलमा | समन्वय समितिका प्रमुख, म्याङलुङ न.पा.को मेयर उपमेयर, जिल्ला न्यायधिश, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरु, विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न संघसंस्थाका कर्मचारीहरु, पत्रकार, नेपाल रेडक्रस सोसाइटी, विद्यालय तथा क्याम्पसका शिक्षक, विद्यार्थी | ११९ जना | मूल समारोह समिति |
| २. | २०७६।०३।०६ | लागू औषध मदिरा सेवन धुम्रपान जुवातास सम्बन्धमा सचेतना | लालीगुराँस नगरपालिकाको सभाहलमा | लालीगुराँस नगरपालिकाको मेयर, प्रमुख जिल्ला अधिकारी, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास अधिकृत, सुरक्षा निकायका प्रमुखहरु, स्वास्थ्य केन्द्र प्रमुख तथा उपप्रमुख, बसन्त मा.वि.का शिक्षक तथा विद्यार्थीहरु | ५० जना | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, लालीगुराँस नगरपालिका |
| ३. | २०७६।०३।०७ | लागू औषध मदिरा सेवन धुम्रपान जुवातास सम्बन्धमा सचेतना | जिल्ला कारागार कार्यालय | प्रमुख जिल्ला अधिकारी, प्रहरी नायब उपरीक्षक, कारागार कार्यालय प्रमुख, कैदीबन्दीहरु | ९० जना | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | कारागार कार्यालय |
| ४. | २०७६।०३।०८ | लागू औषध मदिरा सेवन धुम्रपान जुवातास सम्बन्धमा सचेतना | मेन्छयायेम गाउँपालिका को हलमा | जिल्ला समन्वय समितिका उपप्रमुख मेन्छयायेम गाउँपालिकाका प्रमुख तथा उपप्रमुख, वडा अध्यक्षा तथा सदस्यहरु | ७५ जना | जिल्ला प्रहरी कार्यालय मेन्छयायेम गाउँपालिका |
| ५. | २०७६।०३।०९ | लागू औषधको प्रयोगबाट हुने असरहरु र यसका न्यूनीकरणका उपायहरु | जिल्ला समन्वय समितिको सभाहल | खेलकुद समितिका सदस्यहरु विभिन्न क्लबका सदस्यहरु विद्यालयका शिक्षक तथा विद्यार्थीहरु | १०० जना | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल |
| ६. | २०७६।०३।१० | लागू औषधको दुव्र्यसन सम्बन्धमा ९-१२ कक्षा सम्मका विद्यार्थीहरु बीच खुल्ला वक्तृत्वकला प्रतियोगिता (विजेताहरु लाईपुरस्कारको व्यवस्था स्वास्थ्य कार्यालयबाट भएको) | जिल्ला समन्वय समितिको सभाहल | समन्वय समितिका प्रमुख म्याङलुङ नगरपालिकाको मेयर उपमेयर प्रमुख जिल्ला अधिकारी सुरक्षा निकायका प्रमुखहरु म्याङलुङ नगरपालिका भित्रका सरकारी तथा निजी विद्यालयका शिक्षक तथा विद्यार्थीहरु | १०५ जना | जिल्ला प्रशासन कार्यालय जिल्ला प्रहरी कार्यालय स्वास्थ्य कार्यालय शिक्षा विकास तथा समन्वय इकाई |
| ७. | २०७६।०३।११ | समापन समारोह | जिल्ला समन्वय समितिको सभाहल | समन्वय समितिका प्रमुख म्याङलुङ नगरपालिकाको मेयर, उपमेयर अधिकारी, सुरक्षा निकायका प्रमुखहरु, विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न संघसंस्थाका कर्मचारीहरु पत्रकार, विद्यालय तथा क्याम्पसका शिक्षक विद्यार्थी | १०८ जना | मूल समारोह समिति |

२. गाँजा फडानी

यस जिल्ला भित्रका विभिन्न प्रहरी युनिटहरुबाट विभिन्न स्थानहरुमा भएका गाँजाका बोटहरु देहाय बमोजिम फडानी गरिएको थियो ।

| क्र.सं. | मिति समय | स्थान | फडानी गरिएको गाँजाको संख्या |
|---|---|---|---|
| १ | २०७५।०४।०१ गते | जि.तेह्रथुम म्या.न.पा.१ हस्पिटल डाँडा वरिपरि | २९४ बोट |
| २ | २०७५।०४।१७ गते | जि.तेह्रथुम गा.पा. १ सिम्ले | १० बोट |
| ३ | २०७५।०४।२२ गते | जि.तेह्रथुम फेदाप गा.पा. ३ अलअले | २७ बोट |
| ४ | २०७५।०४।२४ गते | जि.तेह्रथुम छथर गा.पा.७ दोंगपा | ५० बोट |
| ५ | २०७५।०५।०९ गते | जि.तेह्रथुम म्याङलुङ न.पा. वडा नं.२ स्थित पुरानो नगरपालिका कार्यालय भवन छेउ | ११ बोट |
| ६ | २०७५।०६।०४ गते | जि.तेह्रथुम म्याङलुङ न.पा. वडा नं.४ पिप्ले | ३५ बोट |
| ७ | २०७५।०८।०२ गते | जि.तेह्रथुम छथर गाउँपालिका वडा नं.४ फाक्चामारा | २० बोट |
| ८ | २०७५।०८।०३ गते | जि.तेह्रथुम म्याङलुङ न.पा. वडा नं. १० तम्फुला | २५ बोट |
| ९ | २०७५।०८।०३ गते | जि.तेह्रथुम लालिगुराँस न.पा. २ | ३५ बोट |
| १० | २०७६।०२।२८ गते | जि.तेह्रथुम म्या.न.पा.१ | ५२५ बोट |
| ११ | २०७६।०२।२९ गते | जि.तेह्रथुम लालिगुराँस न.पा.४ चित्रे | २५ बोट |
| १२ | २०७६।०२।३० गते | जि.तेह्रथुम छथर गा.पा.१ | ९ बोट |
| १३ | २०७६।०२।३० गते | जि.तेह्रथुम मेन्छयायेम गा.पा.३ | ५० बोट |
| १४ | २०७६।०२।३१ गते | जि.तेह्रथुम म्याङलुङ न.पा.३ | १३५ बोट |
| १५ | २०७६।०३।०८ गते | जि.तेह्रथुम छथर गा.पा.वडा नं.६ | ४० बोट |
| १६ | २०७६।०३।२२ गते | जि.तेह्रथुम छथर गा.पा.वडा नं.५ | २० बोट |
| | | जम्मा | १३११ |

तेह्रथुम जिल्ला लालिगुराँस न.पा. वडा नं. ४ पिप्ले बस्ने पूर्ण बहादुर राई सहित मिति २०७५।०६।०४ गते ५ के.जी. गाँजा सहित पक्राउ गरी मुद्दा दर्ता भएको छ ।

च. समन्वय सम्बन्धी कार्य

१) स्थानीय तह तथा कार्यालयसँग समन्वय

यस कार्यालयले जिल्लाको शान्ति सुरक्षा, विकास निर्माण, विपद् व्यवस्थापन तथा समग्र व्यवस्थापनका विषयहरुमा छ वटै स्थानीय तहहरुसँग विभिन्न समयमा समन्वय बैठक गरि विपद व्यवस्थापनलाइ प्रभावकारी बनाउन नेपाल रेडक्रस सोसाइटी र जिल्ला वन कार्यालय समेतको सहयोगमा DEOC को स्थापना र उक्त केन्द्रमा आवश्यक विपद सामग्री व्यवस्थापन गरिएको छ । नियमित रुपमा कार्यालय प्रमुखको बैठक गरी

कार्यालय कार्यालयबीच तथा कार्यालय र स्थानीय तहबीच कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा कुनै विवाद वा दोहोरोपन भएमा सो निराकरण गर्न आवश्यक समन्वय गर्ने गरिएको छ । जिल्ला भित्रका सबै स्थानीय तहका प्रमूख प्रशासकीय अधिकृतहरुसँग विविध विषयमा मिति २०७६।२।८ मा समन्वय बैठक सम्पन्न गरिएको छ ।

२) सडक अवरोध खुलाउने कार्य

कुनै पनि प्राकृतिक वा मानवीय कारणले सडकमा हुने बन्द, जाम तथा अन्य कुनै कारणबाट हुने अवरोध हटाउन प्रमुख जिल्ला अधिकारीहरुको संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय प्रमुख, यातायात व्यवसायी, ट्राफिक प्रहरी प्रमुख सदस्य तथा सहायक प्रमुख जिल्ला अधिकारी सदस्य सचिव रहेको जिल्ला स्तरीय समन्वय समिति मिति २०७५।१०।१७ गते गठन भएको छ । यस समितिले विभिन्न कारणले राजमार्ग तथा सहायक सडकहरुमा भएको अवरोध १५ पटक हटाइसकेको छ साथै इलाका प्रशासन आठराइ क्षेत्रमा सडक अवरोध हटाउने कार्यका लागि इलाका प्रशासन कार्यालयका प्रमुख शाखा अधिकृत कमल पनेरुको संयोजकत्वमा छुट्टै इलाका स्तरिय समन्वय समिति गठन गरिएको छ । उक्त समितिले सो क्षेत्रका सडकहरुमा भएको अवरोध हटाउने कार्य गरिरहेको छ ।

३. जलश्रोत समिति सम्बन्धि कार्य

आ.व. २०७५।०७६ मा जिल्लाका खानेपानी र सिंचाइ आयोजना सञ्चालनका लागि ९ वटा खानेपानी तथा सिंचाइ कुलो समितिहरु दर्ता भइ सञ्चालनमा आएका छन् ।

छ. नागरिकता तथा नाबालक परिचयपत्र जारी

यस आर्थिक वर्षमा जिल्ला प्रशासन कार्यालय र विभिन्न घुम्ती शिवीरहरुबाट प्रदान गरिएको नागरिकताको विवरण यस प्रकार रहेको छ।

| नागरिकताको प्रकार | कार्यालयबाट दिएको | प्रतिलिपी | घुम्ती शिविरबाट | | जम्मा | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | जम्मा | | महिला | पुरुष | | |
| वंशज | १४८१ | १५५५ | ३६३ | २६२ | ६२५ | |
| अंगिकृत (वैवाहिक) | ४ | - | - | - | | |
| जम्मा | १४८५ | १५५५ | ३६३ | २६२ | ६२५ | ३६६५ |
| नाबालक परिचयपत्र | ३० | | | | | ३० |

ज. राहदानी सिफारिस तथा वितरण

यस आर्थिक वर्षमा जिल्ला प्रशासन कार्यालयबाट साधारण राहदानी १०३३, हराएका ७३ वटा, नाबालक राहदानी ५ वटा गरी जम्मा ११११ थान राहदानीका सिफारिस भई वितरण समेत भईसकेको छ साथै ८६७ थान राहदानी द्रुत सेवाका लागि सिफारिस गरिएको छ । राहदानी विभागबाट यस कार्यालयमा प्राप्त भएका राहदानीहरु समयमै वितरण गरिएको छ ।

झ. अख्तियार दुरुपयोग अनुसन्धान सम्बन्धी कार्य

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरीहरुमध्ये यस कार्यालयलाइ अनुसन्धान तथा छानबिन गर्नका लागि आदेश दिएका उजुरीहरुको समयमै अनुसन्धान तथा छानबिन गरी आयोगमा पठाइने गरिएको छ ।

ञ. फरार अभियुक्तको खोजी

विभिन्न समयमा मुद्दाको फैसला भइ फरार रहेका अपराधिहरुमध्ये १५ जना लाइ नियन्त्रणमा लिइ कानूनी कार्वाहीको लागि पेश गरिएको छ ।

ट. राजस्वको विवरण

आर्थिक वर्ष २०७५/०७६ मा यस कार्यालयमा देहाय बमोजिम राजस्व संकलन भएको छ ।

| क्र.सं. | विवरण | संख्या | रकम | कुल जम्मा |
|---|---|---|---|---|
| १ | साधारण राहदानी | १०३३ | ५१६५००० | अठ्ठसी लाख सत्तासी हजार एकसरी कसैयाँ पचीस रु |
| २ | हराएको राहदानी | ७३ | ७३०००० | |
| ३ | नाबालक राहदानी | ५ | १२५०० | |
| ४ | संस्था तथा नवीकरण | ७८ | ९३७५० | |
| ५ | हातहतियार दर्ता/नविकरण | ६ | ३०५० | |
| ६ | बेरुजु असुल | १ | ३७५ | |
| ७ | बढुवा परीक्षा शुल्क | ७ | २१०० | |

| | | | | |
|---|---|---|---|---|
| ८ | प्रशासनिक दण्ड जरिवाना/जफत | ७ | २८०९८६.२४ | |
| ९ | शिक्षा क्षेत्र आम्दानी | १ | ६००००० | |
| जम्मा | | | ६८८७७६१.२४ | |

ठ. विनियोजित बजेट र खर्चको विवरण

यस कार्यालयमा आ.व. २०७५।०७६ को विनियोजित बजेट, भएको खर्च र बाँकी बजेटको विवरण निम्न बमोजिम रहेको छ ।

| बजेट शिर्षक | बिनीयोजीत बजेट | खर्च | बाँकी | प्रतिशत |
|---|---|---|---|---|
| चालु | १,९२,१८,०००।०० | ९३,३६,०१८।०० | ९८,८१,९८२।०० | ४८.५८ |
| पुँजिगत | ४,७४,६९,०००।०० | ४,०६,३२,५४१।३७ | ६८,३६,४५८।६३ | ८५.६० |
| धरौटी | २८,८६,१८०।०० | | | |

ड. अन्य विविध कार्यहरु

यस आ.व.मा यस कार्यालयबाट आदिवासी जनजाती सिफारिस ११६, पेन्सनरहरुको पारिवारिक विवरण र रहलपहल सिफारिस ३५ तथा नामथर सिफारिस ५१ वटा गरिएको छ ।

१. संस्था दर्ता

यस आ.व.मा संस्था दर्ता २७ वटा र नवीकरण ५३ वटाको भएको छ । एक संस्थाको विधान संसोधन भएको छ । हालसम्म यस जिल्लामा ९०८ वटा संस्था दर्ता भएका छन् ।

२. हातहतियार दर्ता तथा नविकरण

यस आ.व.मा नयाँ हातहतियार दर्ता १ र नवीकरण भएको संङ्ख्या ५ रहेको छ ।

३. अर्ध न्यायिक कार्य ठाडो उजुरी र सोको सम्बोधन-

दर्ता भएका मुद्दा संख्या र फैसला संख्या

| विवरण | दर्ता भएको | फैसला भएको | कैफियत |
|---|---|---|---|
| मुद्दा | ३० | २६ | ४ वटा फैसला हुन बाँकी (१ पुरानो अल्या) |
| ठाडो उजुरी | २४ | २४ | २२ वटा जि.प्र.का. पठाईएको र २ वटा छलफल गरिएको । |

४. सचेतनामुलक कार्यक्रमहरु

समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत पालिका, वडा, समुदाय, टोल र बस्ती स्तरमा लागु औषध, मदिरा सेवन, लैंगिक हिंसा, मानव बेचबिखन महिला तथा बालबालिका विरुद्ध हुने अपराधहरु, मदिरा सेवन, ट्राफिक नियम आदि विषयहरुमा १८४ वटा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो । लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धमा मात्र १९ वटा सचेतनामूलक कार्यक्रम सञ्चालन भएको थियो । यो कार्यक्रम सञ्चालन पछि स्थानीय वासीमा चेतना अभिवृद्धि भई हिंसा भएमा उजुरी तथा जाहेरी दिने क्रम बढेको छ ।

जिल्लाको शान्ति सुरक्षा र अमनचयन कायम गर्नमा यस जिल्लाका प्रमुख राजनीतिक दलहरु, निर्वाचित जनप्रतिनिधिहरु, सुरक्षा निकायहरु, कार्यालय प्रमुखहरु, नागरिक समाज, सञ्चार जगत, गैर सरकारी संस्थाहरु, बुद्दिजीविहरु, महिला अधिकारकर्मी तथा संघसंस्थाहरु तथा आम नागरिकहरुबाट अमूल्य सहयोग प्राप्त भयो सो सहयोगको लागि हार्दिक कृतज्ञता ज्ञापन गर्दै आगामी दिनमा यस कार्यालयबाट गरिने मुख्य कार्यहरु र प्रवाह गरिने  सेवालाई अझ प्रभावकारी र जनमैत्री बनाईने प्रतिबद्दता गर्दछौं ।



**जिल्ला प्रशासन कार्यालय तेह्रथुममा कार्यरत कर्मचारीहरुको एक झलक**




बाँयाबाट क्रमश: का.स.- फौदबहादुर भण्डारी, का.स. खगेन्द्रप्रसाद ढकाल, क.अ. गोविन्द लिम्बु, का.स. बिनोद प्रसाद ढुंगाना, स.प्र.जि.अ. भक्तबहादुर खड्का, प्र.जि.अ. लक्ष्मी देवी होमागाई (खतिवडा), का.स. प्रकाश ढुंगाना, का.स. कमला भुजेल, ले.पा. रमेश कार्की, स.क.अ. कामेश्वर कुमार यादव, खरिदार राम प्रसाद भट्टराई र कार्यालय सहायक ममता लिम्बु

# धन्यवाद

